# प्रेस विज्ञप्ति

## नेपाल यातायातमा मुक्तिनाथ बैंकको QR सेवा

**मिति २०७७/१०/२०**



मुक्तिनाथ विकास बैंकले डिजिटल कारोवारलाई उच्च प्राथमिकता दिदै नेपालको यातायात क्षेत्रमा पनि QR मार्फत भुक्तानी लिने कार्यको सुरुवात गरेको छ। काठमाण्डौं उपत्यका भित्र संचालनमा रहेको **नेपाल यातायात ऐक्सप्रेस प्रा.लि**. संग बैंकले संझौता गरी क्यू आर कोड मार्फत भुक्तानी लिने कार्य आजबाट सुचारु गरिएको छ। उक्त कार्यक्रमको उद्घाटन बैंकका संचालक समितिका अध्यक्ष श्री भरत राज ढकालले गर्नुभएको छ। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेल, नेपाल यातायात समितिका अध्यक्ष श्री गोपाल गुरुङ्ग , बैंकका कर्मचारीहरु, यातायात व्यवसायी तथा ग्राहक वर्गहरुको उपस्थिती रहेको थियो ।



नेपाल यातायातको बसमा यात्रा गर्ने यात्रीहरुले बसमा भएको मुक्तिनाथ बैंकको क्यू आर कोड स्क्यान गरी डिजिटल रुपमा भाडा बापतको रकम भुक्तानी गर्न सक्नेछन्। यातायात क्षेत्रमा यो व्यवस्था गर्नाले खुद्रा पैसा सटहीको समस्याबाट मुक्ती पाईने, नोटको हिफाजतमा बृद्धि हुने साथै कोरोनाबाट बच्न पनि सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

विकास बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न VISA Network अन्तर्गतको जुन सुकै बैंकको ATM बाट विना कुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरिएको छ। त्यसै गरी मोबाईल बैंकिङ्ग, क्यूआर कोड स्क्यान, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खातामै रेमिट्यान्स रकम जम्मा गर्ने आदि सेवाहरु बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ ।

प्रमुख सुचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग